# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय

बुटवल

पत्र संख्याः प्रशासन/२०७९/०८०

चलानी नं. २३०९१

मितिः २०७९/०९/१८

विषयः- निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई,
नवलपरासी (ब.सु.पुर्व), नवलपरासी (ब.सु.पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, प्युठान, दाङ्ग, बाँके, वर्दिया र रोल्पा ।

प्रस्तुत विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको बत्तिसौं स्थापना दिवस (२०७९ माघ २८) को अवसरमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७९।०९।१८ मा प्रकाशित निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचनाको छाँयाप्रति पाना-३ यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । सूचनामा उल्लेख भए बमोजिम तहाँ जिल्ला स्थित विद्यालयहरुबाट ईच्छुक प्रतियोगी विद्यार्थीहरुको सहभागिताका लागि त्यस जिल्ला स्थित सम्पूर्ण पालिकाको शिक्षा शाखाहरुलाई समेत जानकारी गराई पालिकामा रहेका सम्बन्धित विद्यालयहरुमा सूचना सम्प्रेषण गरी आवश्यक सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

२०७९।०९।१८

(रामकृष्ण अधिकारी)
उपसचिव


*नोटः- कृपया पत्राचार गर्दा प्राप्त पत्रको प.सं., च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गर्नुहोला।*
*फोन नं.- ०७१-५४००३१,५४०८३७, फ्याक्स नं. -०७१-५४०८२३*
*Email: butwal@ciaa.gov.np*

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौ

## निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना
(प्रकाशित मिति २०७९/०९/१८)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बत्तिसौं स्थापना दिवस (२०७९ माघ २८) को अवसरमा माध्यमिक तह स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएकोले सहभागिताका लागि आह्वान गरिएको छ ।

१. निबन्धको शीर्षक :- आयोग मातहतका कार्यालयहरुबाट आयोजना हुने प्रतियोगिताका लागि निवन्धको शीर्षक "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" रहेको छ। (*द्रष्टव्य: निबन्ध मौलिक र अप्रकाशित हुनुपर्नेछ* )
२. प्रतियोगिताका सहभागी :- देशभरका कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरु।
३. निबन्धको शब्द सीमा :- निबन्ध २५०० देखि ३००० शब्दमा नबढाई लेख्नुपर्नेछ।
४. निबन्धको भाषा :- निबन्ध नेपाली भाषामा लेख्नुपर्नेछ।
५. प्रतियोगितामा सहभागी हुने प्रक्रिया :- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफुले लेखेको निबन्ध साथ आफ्नो नाम थर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत् कक्षा र सम्पर्क नम्बर उल्लेख गरी विद्यालयबाट आयोगको कार्यालयलाई सम्बोधन गरी लेखिएको सिफारिस पत्रसमेत संलग्न राखी आफ्नो जिल्लासँग सम्बन्धित कार्यक्षेत्र रहेको आयोगको कार्यालयमा पठाउनु वा इमेल गर्नुपर्नेछ।

| क्र. सं. | आयोगको कार्यालय | सम्पर्क नम्बर | इमेल ठेगाना | कार्य क्षेत्र |
|---|---|---|---|---|
| १ | ईटहरी | ०२५-५८६९७० | itahari@ciaa.gov.np | ताप्लेजुङ्ग, पाँचथर, ईलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, झापा, मोरङ, सुनसरी, सप्तरी र उदयपुर (१२ जिल्ला) |
| २ | बर्दिवास | ०४४-५५०६८६<br>०४४-५५०७५७ | ciaabardibas@gmail.com | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, सिन्धुली र रामेछाप (९जिल्ला) |
| ३ | हेटौंडा | ०५७-५२३२७७ | ciaamro@gmail.com | रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, काठमाण्डौ, भक्तपुर र ललितपुर (१४ जिल्ला) |
| ४ | पोखरा | ०६१-५७२६०१ | ciaapkr@gmail.com | गोरखा, लमजुङ, तनहुँ, कास्की, |

| | | | | |
|---|---|---|---|---|
| | | ०६१-५७२६०२ | | मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी र बाग्लुङ (१० जिल्ला) |
| ५ | वुटवल (सम्पर्क कार्यालय नेपालगंज समेत) | ०७१-५४००३१ | butwal@ciaa.gov.np | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, प्युठान, दाङ, बाँकि, बर्दिया र रोल्पा (१२ जिल्ला) |
| ६ | सुर्खेत | ०८३-५२१९६० | ciaa.surkhet@ciaa.gov.np<br>ciaasurkhet@gmail.com | रुकुम (पूर्वी भाग), रुकुम(पश्चिम भाग), डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, सुर्खेत, सल्यान (११ जिल्ला) |
| ७ | कञ्चनपुर | ०९९-५२०३६८ | ciaa.kanchanpur@ciaa.gov.np | बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा , कैलाली र कञ्चनपुर (९जिल्ला) |

६. निबन्ध पठाउने अन्तिम मिति :- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले मिति २०७९ साल माघ ६ गतेसम्म सम्बन्धित कार्यालयमा आइपुग्ने गरी आफ्नो निबन्ध पठाउन/इमेल गर्नुपर्नेछ।

७. पुरस्कार :- आयोग मातहतका कार्यालयमा आयोजित निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई देहाय बमोजिम नगद पुरस्कार प्रदान गरिनेछ।

| | | | |
|---|---|---|---|
| १. प्रथम | - रु. १२,०००।- | (बाह्र हजार) | - १ जनालाई |
| २. द्वितीय | - रु. ९,०००।- | (नौ हजार) | - १ जनालाई |
| ३. तृतीय | - रु. ७,५००।- | (सात हजार पाँच सय) | - १ जनालाई |

८. आयोगका सात (७) वटा कार्यालयहरूमा प्रथम हुने निबन्धमध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मूल्याङ्कन समितिमार्फत एउटा सर्वोत्कृष्ट निबन्ध छनौट गरिनेछ । सर्वोत्कृष्ट स्थान हासिल गर्ने १ (एक) जना विद्यार्थीलाई नगद रू २५,०००।-(पच्चीस हजार) र प्रमाणपत्रसहित सहित आयोगको ३२औं स्थापना दिवस (२०७९ माघ २८ गते) को अवसरमा आयोजित कार्यक्रममा पुरस्कृत गरिनेछ।

९. राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा सर्वोत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थी र निजको एक जना अभिभावकलाई भ्रमण खर्च नियमावली, २०६४ को नियम ५ को उपनियम १ को (घ) बमोजिमको सुविधा प्रदान गरिने तथा उपत्यकाभित्रको विद्यार्थीहरुको हकमा आतेजाते खर्च स्वरुप एकमुष्ट रकम रु. ३,०००।- प्रदान गरिनेछ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौ

### निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना

(प्रकाशित मिति २०७९/०९/१८)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बत्तिसौं स्थापना दिवस (२०७९ माघ २८) को उपलक्ष्यमा आयोग मातहतका सात वटा कार्यालयहरु (ईटहरी, बर्दिबास, हेटौडा, पोखरा, बुटवल, सुर्खेत र कञ्चनपुर) मार्फत कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीकाबीच आयोजना गर्न लागिएको "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" विषयक निबन्ध लेखन प्रतियोगितामा सहभागिताका लागि सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

आयोग मातहतका कार्यालयहरुमा सहभागीहरुमध्येबाट प्रथम, द्वितीय र तृतीय स्थान हाँसिल गर्नेलाई कार्यालयस्तरमा नै पुरस्कृत गरिनुका साथै आयोग मातहतका कार्यालयहरुमा प्रथम हुने निबन्धमध्ये सर्वोत्कृष्ट स्थान हासिल गर्ने १ (एक) जना विद्यार्थीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नगद र प्रमाणपत्रसहित आयोगको ३२औं स्थापना दिवस (२०७९ माघ २८ गते) को अवसरमा आयोजित कार्यक्रममा समेत पुरस्कृत गरिनेछ। यस सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइट www.ciaa.gov.np मा प्रकाशित गरिएको छ।